# जन्मैदेखि हुने विचलनहरू

जन्मेका हरेक १०० जना जति बच्चाहरूमध्ये एकजनामा कुनै विचलन या विकृति भएको हुन्छ । जन्मैदेखि हुने विचलनहरू विभिन्न किसिमका छन् । यो सामग्रीमा हामीले केही धेरै पाइने विचलनहरूका बारेमा वर्णन गरेका छौं, जस्तै खुँडे ओंठ र खुँडे तालु, हात या खुट्टाका औंलाहरू जोडिएका या हुनुपर्ने भन्दा बढी भएका र हातखुट्टा लामा छोटा, विकृत वा हुँदै नभएको अवस्था । हामीले यो सामग्रीमा जन्मैदेखि हुनसक्ने धेरै सङ्कुचनहरू (आर्थोग्राइपोसिस्) भएका बच्चाहरूका बारेमा पनि छलफल गरेका छौं ।


## कारणहरू

धेरैजसो अवस्थाहरूमा जन्मैदेखि हुने विचलनहरूको कारण के हो, थाहा हुन सकेको छैन । तर कहिलेकाहीँ यस्ता विचलनहरू तल दिइएका कारणले गर्दा हुनसक्छन्-

- **गर्भवती महिलाले राम्रो खान नपाएमा :** खुँडे ओठ र खुँडे तालु हुनाको यो एउटा कारण हो भन्ने अनुमान लगाइएको छ ।
- **वंशाणुगत :** कहिलेकाहीँ कुनैकुनै विचलनहरू एउटै परिवारमा धेरैलाई हुने गर्छन् । उदाहरणका लागि, कुनै मानिस एउटै हातमा दुईवटा बुढीऔंला लिएर जन्मेको थियो भने उसबाट जन्मिएका बच्चाहरूमा पनि यस्तो विचलन हुने सम्भावना धेरै हुन्छ । कहिलेकाहीँ बाबुआमाहरूमा कुनै विचलन पैदा गर्ने जीन हुनसक्छ, तर तिनीहरू आफैंमा चाहिँ त्यो विचलन नहुनसक्छ । प्रायः गरेर एउटा बच्चामा कुनै विचलन हुनलाई बाबु र आमा दुवैमा त्यो विचलन ल्याउने जीन भएको हुनुपर्छ । यसै कारणले गर्दा बाबु र आमा नजिकैका नातेदार छन् भने उनीहरूका बच्चाहरूमा जन्मैदेखि हुने विचलनहरू बढी देखिन्छन् ।
- **औषधि, कीटनाशक औषधि, रासायनिक द्रव्य र विषहरू :** विभिन्न रासायनिक द्रव्यहरू र विषहरूले पेटभित्र रहेको बच्चालाई सजिलैसँग नोक्सान पुऱ्याउन सक्छन् । गर्भवती महिलाले केही खास औषधिहरू प्रयोग गरिन् भने (खास गरेर पेट बोकेको ३ महिनाभित्र) वा उनी कीटनाशक औषहिरूको सम्पर्कमा आइन् भने उनको बच्चामा जन्मैदेखि हुने विचलन हुनसक्छ ।



यस बच्चीकी आमाले गर्भवती भएको बेला राम्रो खाना खान पाएकी थिइनन् ।



यस केटाकी आमालाई पेट बोकेका बेलामा 'औसनी' (औछानी) लागेको कम गर्ने एउटा औषधि दिइएको थियो ।

- **जर्मन दादुरा :** पेट बोकेको ३ महिनाभित्र यदि आमालाई जर्मन दादुरा भयो भने बच्चामा विचलन हुने सम्भावना हुन्छ । यसमा हेर्ने र सुन्ने शक्तिमा कमी आउने, मस्तिष्कमा हानी पुग्ने (सुस्त मनस्थिति, सेरिब्रल पाल्सी) अथवा शरीरभित्रका अङ्गहरू (जस्तै- मुटु, कलेजो) मा खराबी जस्ता समस्याहरू हुनसक्छन् । कहिलेकाहीँ हातगोडाका कुनै भाग यसरी खुम्चिएको (कस्सिएको) वा औंलाहरू विकृत हुन अथवा हुँदै नहुन पनि सक्छन् ।
- चालीस वर्ष वा सो भन्दा बढी उमेर भइसकेका महिलाहरूबाट जन्मेका बच्चाहरूमा डाउन सिन्ड्रोम हुने र हात, खुट्टा अथवा मुटु, कलेजो आदिमा विचलन हुने सम्भावना बढी हुन्छ ।





यो बालक जन्मँदा उसकी आमाको उमेर ४५ वर्षको थियो ।

## जन्मैदेखि हुने विचलनहरूको रोकथाम

जन्मैदेखि हुने विचलनहरूको पूर्णतया रोकथाम गर्न सकिँदैन । तैपनि विभिन्न उपायहरूद्वारा यस्ता विचलनहरू हुने सम्भावना भने कम गर्न सकिन्छ ।

- गर्भावस्थामा राम्रोसँग खाना खानुहोस् ।
- नजिकैको नातेदारसँग विवाह नगर्नुहोस् । यदि तपाईंका एक-दुई जना बच्चामा जन्मैदेखि हुने कुनै विचलनहरू छन् भने सकेसम्म अरू बच्चा नपाउनुहोस् ।
- पूर्णतया हानिरहित छ भन्ने पक्का नभएसम्म गर्भावस्थामा कुनै पनि औषधिको सेवन नगर्नुहोस् । आस्पिरिन, भिटामिनहरू, केही आन्टासिडहरू र आइरन जस्ता औषधिहरू ठिक्क मात्रामा खान सकिन्छ ।) कीटनाशक औषधि र अरू विषहरूमा सम्पर्कमा नआउनुहोस् । चुरोट, तमाखु र रक्सी नखानुहोस् किनभने यिनीहरूले पनि पेटभित्र भएको बच्चालाई हानी पुऱ्याउन सक्छन् ।
- गर्भावस्थामा जर्मन दादुरा भएका मानिसहरूको संसर्गमा नआउनुहोस् । जर्मन दादुरा लाग्न नदिने खोप त छ, तर यो अक्सर पाइँदैन ।
- यदि तपाईंको उमेर ३५-४० वर्षभन्दा बढी भइसकेको छ अथवा तपाईंको कुनै बच्चालाई डाउन सिन्ड्रोम भएको छ भने सकेसम्म अरू बच्चा नपाउनुहोस् किनभने फेरि हुने बच्चालाई पनि यो रोग हुने सम्भावना बढी हुन्छ ।

Federal Ministry for Economic Cooperation and Development BMZ

DAHW Deutsche Lepra- und Tuberkulosehilfe e.V.

KOPILA-Nepal 2057

बुलौंदी, लेकसाइड, पोखरा-६, फोन : ०६१-४५६४०३, ४५३४८६
E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np

**टोल फ्री नम्बर: १६६० ६१ ५२००५**

स्रोत : दि हेस्पेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका